# पाठ - 6

الدرس السادس - نيبالي

## लाइलाह इल्लल्लाहको शर्तहरू

شروط لا إله إلا الله

लाइलाह इल्लल्लाहको सातवटा शर्तहरु छन्, जुन सबैलाई मान्नु अनिवार्य हुन्छ र एउटाको पनि बिरोध गरेमा मानिस सदाचारी हुन सक्दैन त्यो यस प्रकार छन :

**१ - ज्ञान :** अर्थको ज्ञान र त्यस अनुसार कर्तवय, अर्थात यदि मान्छेलाई यस कुराको ज्ञान भइसक्यो कि अल्लाह नै पूजायोग्य छन र उहाँ बाहेक अरु कसैको उपासना जायज छैन भने उसलाई वास्तवमा यस शब्दको ज्ञान भइसक्यो, अल्लाह तआलाले भन्नु भएको छ :

यसको ज्ञान राख्नुस कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन। *فَاعْلَمْ أَنَّهُ لَا إِلَهَ إِلَّا اللهُ*

अर्को हदीसमा छ कि नबी ﷺ ले भन्नु भयो *مَنْ مَاتَ وَهُوَ يَعْلَمُ أَنَّهُ لَا إِلَهَ إِلَّا اللهُ، دَخَلَ الْجَنَّةَ*

जसले यो जान्दछ कि अल्लाह बाहेक अरु कोही पूजा योग्य छैन र यसै अवस्थामा त्यसको मृत्यु हुन्छ भने त्यो स्वर्गमा जानेछ (सही मुस्लिम २६)।

**२ - ठोस विशवास :** परिपूर्ण विशवास र मनको सन्तुष्टि समेत कुनै प्रकारको संदेह नगरि लाइलाह इल्लल्लाह लाई भन्नु, अल्लाहले भन्नु भयो: *إِنَّمَا الْمُؤْمِنُونَ الَّذِينَ آمَنُوا بِاللَّهِ وَرَسُولِهِ ثُمَّ لَمْ يَرْتَابُوا*

ती मानिसहरु नै मोमिन हुन् जुन अल्लाह र उसको रसूलमाथि ईमान ल्याई त्यस प्रति कुनै किसिमको शंका र संदेह गर्दैनन्। अबूहुरैरह رضي الله عنه को हीदसमा छ कि रसूल ﷺ ले भन्नु भयो

*أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَنِّي رَسُولُ اللهِ، لَا يَلْقَى اللهَ بِهِمَا عَبْدٌ غَيْرَ شَاكٍّ فِيهِمَا، إِلَّا دَخَلَ الْجَنَّةَ*

जुन सुकै व्यक्तिले कुनै शंका र संदेहको बिना यो गवाही दिन्छ कि अल्लाह बाहेक अरु कोही पूज्य छैन र म अल्लाहको रसूल र सन्देष्टा छु र यसै अवस्थामा अल्लाह सँग भेटने छ भन्ने त्यो स्वर्गमा जाने छ। (मुस्लिम-२७)

**३ - स्वीकार गर्नु :** अर्थात यस शब्दमा जति कुराहरु पाइन्छ त्यो सबैलाई भित्री मनले पनि र मुखले पनि स्वीकार गर्नु, जुन घटनाहरुको बारेमा बताइएको छ त्यस माथि विशवास राख्नु, र रसूल ﷺ को तर्फबाट आएको हरेक कुरा माथी ईमान ल्याउनु, र एउटा कुरालाई पनि न नकारनु, अल्लाह तआलाले भन्नु भएको छ :

*آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ كُلٌّ آمَنَ بِاللَّهِ وَمَلَائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ*

रसूलले त्यो कुरामा ईमान ल्याउनु भयो जुन उनी माथि अल्लाहको तर्फबाट अवतरित भयो र मोमिनहरुले पनि ईमान ल्याए, यिनीहरु सबै अल्लाह, अल्लाहको दुत, र उहँको किताब, र उहाँको सन्देष्टाहरु माथि ईमान ल्याउनु भयो, हामी अल्लाहको सन्देष्टाहरु मध्ये कसैको बीचमा भेदभावको व्यवहार गर्दैनौं, र उनीहरुले भने कि हामीले सुन्यौं र मान्यौं हे हाम्रो पालनकर्ता, हामीले क्षमाको लागि प्रार्थना गर्दछौं, र तपाई कहाँ नै फर्कर जानु छ। बिरोधी र अस्वीकार गर्नेवालाहरु मध्ये त्यो पनि घोषित हुन्छ जुन् इस्लामको कुनै नियम र सजायहरु माथि असहमति र आपत्ति जनाउँछ वा त्यसको बहिसकार गर्छ, जस्तो कि धेरै व्यक्तिहरुले चोरीको सजाय, व्यभिचारको सजाय, एक भन्दा अधिक विवाह, र मृत्यु पछि त्यसको सम्पत्ति बिभाजित गर्ने जस्तो इस्लामी नियमहरुको बिरोध गरेका छन, अल्लाहले सूरह अहजाबको आयत ३६ मा भन्नु भयो:जब अल्लाह र उसको रसूलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छ भने कुनै मोमिन पुरुष र मोमिन महिलालाई त्यसमा कुनै हक र अधिकार बाँकी रहदैन।